स्थानीय सरकार
शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल


पत्र संख्या :- २०८१/०८२
सूचना नं.- ८३

# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी ३५ (पैतीस) दिने सूचना ।।

(प्रकाशित मिति २०८२/०२/२९ गते)

*नेपाल संवत: ११४५ तछलाध्व, १६ विहीवार*

उपरोक्त विषय सम्बन्धमा भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाण्डौंबाट गोरखापत्रमा मिति २०८२/०२/२९ मा प्रकाशित सुचना अनुसार भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनको लागि यस गाउँपालिकाभित्र रहेका भूमिहीन दलित, भूमीहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले आफूले बसोबास, आवाद वा कमोत गरेको जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम वडामा निवेदन फाराम (रातो र सेतो) भरी यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र वडाकार्यालयमा गई भर्न हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अनुसूची फाराम भर्नु अघि लिनुपर्ने जानकारी (भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको हकमा)**

भूमिहिन सुकुम्बासी र भूमिहिन दलित भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो परिवारको आय-आर्जन, स्रोत वा प्रयासबाट जग्गा प्रवन्ध गर्न असमर्थ व्यक्ती वा परिवारलाई जनाउँछ ।

**भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको पहिचान र प्रमाणिकरणका आधार र मापदण्डहरु:-**

१. नेपाली नागरिक,
२. भूमिहीन स्थानीय तहमा बसोबास वा आवादी, कमोत गरी आएको व्यक्ती,
३. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासको लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ ले तोके बमोजिमको निवेदन वा प्रश्नावलीको ढाँचा अनुसारको आफ्नो वा आफ्नो परिवारका सबै सदस्यको विवरण सहित निवेदन,
४. निवेदन वा प्रश्नावलीको ढाँचा अनुरुप भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले नेपाल राज्यभित्र आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको स्वामित्वमा कतै पनि जग्गा जमिन छैन, झुठा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छु भनी स्वयं घोषणा,

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

५. भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले सरकारी अनुदान वा सहयोगबाट यस अघि नेपालराज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनी स्वयं घोषणा,

६. भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले आफ्नो र आफ्नो परिवारको कुनै पनि सदस्यको आय-आर्जन, स्रोत र प्रयासबाट जग्गा प्रबन्ध गर्न असमर्थ हुँ भनी गरेको स्वयं घोषणा,

७. जग्गाधनी पूर्जा भएको तर नदी कटान, पहिरो, डुवान वा अन्य प्राकृतिक विपद्को कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सबै जग्गा प्रयोगमा आउने सम्भावना पनि नभएको हकमा त्यस्ता जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेको लगत कट्टा समितिको निर्णय र मालपोत कार्यालयको पत्र,

८. वडा अध्यक्ष सहित वडाका जनप्रतिनिधि सहितको रोहवरमा वडा कार्यालयमा गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमबाट भूमीहीन सुकुम्बासी हो भनी एकिन गरिएको प्रतिवेदन,

९. सम्बन्धित स्थानीय तहको वडाको बैठकबाट निज भूमिहीन सुकुम्बासी हो भनी गरेको निर्णय प्रति,

१०. स्थानीय तहले प्राप्त गरेको निवेदन वा तथ्याङ्क विवरण उपर छानविन गरी त्यसको प्रमाणिकरणका लागि कम्तिमा १५ दिने सूचना जारी गरी त्यस सम्बन्धमा प्राप्त उजुरीका सम्बन्धमा स्थानीय तह स्तरीय सहजीकरण समितिको सिफारिस वा निर्णय ।

| उपलब्ध हुने जग्गा | | |
|---|---|---|
| भूमिहीन दलित वा भूमिहीन सुकुम्बासी | | |
| आवास प्रयोजन | | कृषि प्रयोजन |
| गाउँपालिकाको शहरी क्षेत्र | तोकिए बमोजिम | तोकिए बमोजिम |
| गाउँपालिकाको अन्य क्षेत्र | तोकिए बमोजिम | तोकिए बमोजिम |

**अव्यवस्थित बसोबासको हकमा:-**

अव्यवस्थित बसोबासी भन्नाले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जानिएको भएता पनि १० वर्षदेखि आवाद, कमोत गरी घर टहरा बनाई बसोबास गरेका व्यक्तिलाई जनाउँदछ ।

**अव्यवस्थित बसोबासको पहिचान र प्रमाणिकरणका आधार र मापदण्डहरु:-**

१. नेपाली नागरिक,

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

२. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ ले तोके बमोजिमको निवेदन वा प्रश्नावलीको ढाँचा अनुसारको आफ्नो वा आफ्नो परिवारका सबै सदस्यको विवरण सहित निवेदन,

३. नेपाल राज्यभर आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सम्पूर्ण जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि,

४. नेपाल सरकारद्धारा बसोबास गर्ने उद्देशयले स्थापित संस्थाको जग्गामा बसोबास गरेको वा आवाद कमोत गरेको अव्यवस्थित बसोबासी भए सम्बन्धित संस्थाले सो जग्गा दिन सहमति गरेको निर्णय,

५. भूमि सम्बन्धी ऐन, २०२१ को आठौं संशोधन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा १० वर्ष अघिबाट निज बसोबास गरी आएको जग्गा आवादी वा कमोत भई आएको हो भनी वडा समितिले गरेको निर्णय र सिफारिस,

६. अव्यवस्थित बसोबासीले आफ्नो वा आफ्नो परिवारको सदस्यले सरकारी अनुदान वा सहयोगबाट ऐनको दफा ५२ (ग) बमोजिम नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनी गरेको स्वयं घोषणा,

७. वडा समितिको बैठकबाट निज अव्यवस्थित बसोबास हो भनी गरेको निर्णय र सिफारिस,

८. स्थानीय तहले प्राप्त गरेको निवेदन वा तथ्याङ्क विवरण उपर छानविन गरी त्यसको प्रमाणिकरणका लागि कम्तिमा १५ दिनको सार्वजनिक सूचना जारी गरी त्यस सम्बन्धमा प्राप्त उजुरीका सम्बन्धमा स्थानीय तह स्तरीय सहजीकरण समितिको सिफारिस निर्णय ।

| उपलब्ध हुने जग्गा | | |
|---|---|---|
| अव्यवस्थित बसोबासी | | |
| आवास प्रयोजन | | कृषि प्रयोजन |
| गाउँपालिकाको शहरी क्षेत्र | तोकिए बमोजिम | तोकिए बमोजिम |
| गाउँपालिकाको अन्य क्षेत्र | तोकिए बमोजिम | तोकिए बमोजिम |

**झुठा विवरण पेश गर्दा हुने सजायः-**

१. आफ्नो विवरण नदिएको वा गलत विवरण वा अभिलेख पेश गरेको तर जग्गा र संरचना प्राप्त गरिनसकेको अवस्था भएमा रु २५,०००/- रुपैयाँसम्म जरिवाना ।

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

२. आफ्नो विवरण नदिएको वा गलत विवरण वा अभिलेख पेश गरी जग्गा वा संरचना प्राप्त गरेको कुरा प्रमाणित हुन आएमा त्यस्तो जग्गा वा संरचना जफत गरी रु १, ००, ०००/- रुपैयाँसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय ।

| आवश्यक कागजात | |
|---|---|
| भूमिहीन दलित/भूमिहीन सुकुम्बासी | अव्यवस्थित बसोबास |
| १. निवेदनको फोटो — २ प्रति | १. निवेदनको फोटो — २ प्रति |
| २. नागरिकता प्रमाणपत्रको प्रतिलिपि (उमेर पुगेका घरका सबै सदस्यहरुको) | २. नागरिकता प्रमाणपत्रको प्रतिलिपि (उमेर पुगेका घरका सबै सदस्यहरुको) |
| ३. मतदाता परिचयपत्रको प्रतिलिपि | ३. मतदाता परिचयपत्रको प्रतिलिपि |
| ४. जग्गा उपयोग (आमोद वा कमोद) गरेको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि | ४. जग्गा उपयोग (आमोद वा कमोद) गरेको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि |
| ५. यस अघि ऐलानी जग्गाको नापजाँच भएको भए त्यस निस्साको प्रतिलिपि | ५. यस अघि ऐलानी जग्गाको नापजाँच भएको भए त्यस निस्साको प्रतिलिपि |
| ६. सम्बन्धित जग्गाको कित्ता नं. र घर बनाएको भए सो समेत देखिने फोटो | ६. सम्बन्धित जग्गाको कित्ता नं. र घर बनाएको भए सो समेत देखिने फोटो |
| ७. स्थानीय तहको सिफारिस भएको भए सो को प्रतिलिपि | ७. स्थानीय तहको सिफारिस भएको भए सो को प्रतिलिपि |
| ८. घरसारको कागज | ८. घरसारको कागज |
| ९. भोग चलन गर्न दिएको प्रमाणपत्र | ९. भोग चलन गर्न दिएको प्रमाणपत्र |
| १०. अन्य कुनै थप प्रमाणपत्र | १०. अन्य कुनै थप प्रमाणपत्र |

- परिवार भन्नाले भूमिहीन, सुकुम्बासी वा अव्यवस्थित बसोबासीको पति, पत्नी, बाबु, आमा र छोरा भन्ने सम्झनुपर्छ ।
- मिति २०७६ माघ २८ गते भन्दा अगाडी नै मानो छुट्टिई घर र भान्सा समेत छुट्टै प्रयोग गरी आएको परिवारलाई मात्र छुट्टै परिवार मात्र सकिनेछ ।
- अव्यवस्थित बसोबासीले आफूलाई उपलब्ध गराउन माग गरेको जग्गामा निजले १० वर्ष अघिबाट आवाद कमोत गरी आएको हो भनी प्रमाणित गरेको गाउँ कार्यापालिकाको निर्णय बमोजिम सिफारिस समेत पेश गरेको हुनुपर्नेछ ।
- पति र पत्नीको संयूक्त नाममा जग्गाधनी प्रमाणपूर्जा बनाई स्थानीय तहले दिनेछ ।

.................
नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-
श्री सूचना प्रविधि शाखा — पत्र वेवसाईटमा अपलोड गरिदिनहुन ।